# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४५) काठमाडौं, माघ २८ गते २०५२साल (अतिरिक्ताङ्क ४४ (क+१)

## भाग ४

### श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

अर्थ मन्त्रालयका का. मु. सचिव श्री रामविनोद भट्टराई सम्माननीय प्रधानमन्त्रीज्यूको यही माघ २८ गतेदेखि हुन लागेको भारतको औपचारिक भ्रमण दलमा सम्मिलित भई त्यसतर्फ जानु हुने भएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री शम्भुप्रसाद खनाललाई २०५२।१०।२६ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

जलस्रोत मन्त्रालयका सचिव श्री द्वारिकानाथ ढुंगेल सम्माननीय प्रधानमन्त्रीज्यूबाट यही २०५२ साल माघ २८ गतेदेखि हुन लागेको मित्रराष्ट्र भारतको औपचारिक भ्रमण दलमा सम्मिलित भई त्यसतर्फ जानु हुने भएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री केशवबहादुर चन्दलाई २०५२।१०।२६ देखि कायम मुकायम मुकरर गरेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

निर्माण तथा यातायात मन्त्रालयका का.मु. सचिव श्री वरूणप्रसाद श्रेष्ठ सम्माननीय प्रधानमन्त्रीज्यूको यही माघ २८ गतेदेखि हुन लागेको मित्रराष्ट्र भारतको औपचारिक भ्रमण दलमा सम्मिलित भई त्यसतर्फ जानु हुने भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव (प्रा.) श्री देवेन्द्र-प्रसाद रिमाललाई २०५२।१०।२६ देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ४

परराष्ट्र मन्त्रालयका सचिव श्री केदारभक्त श्रेष्ठ सम्माननीय प्रधानमन्त्री-ज्यूको यही २०५२ साल माघ २८ गतेदेखि हुन लागेको मित्रराष्ट्र भारतको औपचारिक भ्रमण दलमा सम्मिलित हुन त्यसतर्फ जानु हुने भएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह–सचिव श्री कुमार ग्यावालीलाई २०५२।१०।२८ देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ५

पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव श्री दीपेन्द्रपुरुष ढकाल सम्माननीय प्रधानमन्त्रीज्यूको यही माघ २८ गतेदेखि हुन लागेको मित्रराष्ट्र भारतको औपचारिक भ्रमण दलमा सम्मिलित भई त्यसतर्फ जानु हुने भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह–सचिव श्री कुमारप्रसाद पौडेललाई २०५२।१०।२६ देखि कायम मुकायम मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ६

गृह मन्त्रालयका का. मु. सचिव श्री पदमप्रसाद पोखरेल १२ फरवरी १९९६ देखि १७ फरवरी १९९६ तदनुसार २०५२ साल माघ २९ देखि फागुन ५ गते सम्म लण्डनमा हुने लागू औषध नियन्त्रण कानून कार्यान्वयनसम्बन्धी कार्यक्रममा भाग लिन २०५२।१०।२८ गतेदेखि त्यसतर्फ जानु हुने भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री पुरुषोत्तम ढकाललाई २०५२।१०।२८ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

620